बैठक नं. ५२

आज मिति २०७६ १० २३ गते बिहिवार दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ५२औं बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर वहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन वहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र वहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख वहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश वहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल वहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज वहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री विष्णु प्रसाद भुषाल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य आमन्त्रित

१. जिपलाल श्रेष्ठ, शा.अ. आठौं तह, प्र. योजना अनुगमन शाखा
२. श्रीमन्न पौडेल, ले.अ. सातौं तह, आर्थिक प्रशासन शाखा
३. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
४. राम कुमार श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य शाखा
५. अभिलास पन्थी, अधिकृत छैठौं, योजना उपशाखा
६. सन्तोष काफ्ले, इन्जिनियर छैठौं, पूर्वाधार विकास शाखा
७. कृष्ण हरी धापकोटा, सूचना प्रविधि अधिकृत, प्रविधि शाखा

**निर्णयहरु :**

१. आ.व २०७६/०७७ को दोश्रो तथा हिउँदे नगरसभा फागुन ७ र ८ मा सम्पन्न गर्ने ।

२. नेपाल सरकारको एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने नीति अनुसार यस वर्ष भवन निर्माणको लागि प्राप्त भएको अख्तियारी बमोजिम परिपत्रमा तोकिएका नगरपालिकाका देहायकावडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने :

क. देवचुली वडा नं.-१, २, ४, ५, ८, ९, १०, १२, १३, १४ र १५ ।

३. नेपाल सरकारको एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्ने नीति बमोजिम यस वर्ष केन्द्र सञ्चालनका लागिबजेट विनियोजन भएको हुँदा देहायका वडाहरुमा आवश्यकताको आधारमाक्रमशः आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्ने, उक्त सेवा केन्द्रको लागि नगरपालिकाको मौजुदा दरवन्दी र सेवा करारबाट जनशक्ति परिचालन गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने साथै भवन नभएका वडाहरूमा दुईवटा कोठा भाडामा लिई सेवा सुरु गर्ने :

क. देवचुली वडा नं.-१, २, ४, ५, ६, ८, ९, १०, १३, १४, १५ र १६ ।

वडा कार्यालय र आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि सम्भव भएसम्म एक जना कार्यालय सहयोगीबाटै काम लिने । कार्यालय सहयोगीको हकमा देहायको मापदण्ड बमोजिम सम्बन्धित वडा अध्यक्षबाट सेवा करारमा लिनको लागि सिफारिस गर्न सक्ने :

क. नेपाली नागरिक,

ख. कक्षा १० सम्म अध्ययन गरेको,

ग. स्थानीय बासिन्दा,

घ. कम्प्युटर र कार्यालयका विद्युतिय सामग्री सञ्चालन गर्न जानेको, गरिव तथा लक्षित वर्गलाई ग्राहयता दिने, यस नगरपालिकाको वडा नं. ५, ६ र १६ को क्रमश: वन्दीपुर, किर्तिपुर र बाहकोलमा बाहिरबाट खटिईजाने स्थायी कर्मचारीहरु छ/छ महिनाका लागि मात्र उक्त स्थानहरुमा खटाउने गरी प्रबन्ध मिलाउने ।

४. नेपाल सरकारको विशेष अनुदान रकम रु पचास लाखबाट देवचुली नगरपालिका वडा नं. १० स्थित लोकाहा खोला किनार खेल मैदानको दक्षिणतर्फ फोहर व्यबस्थापन स्रोत केन्द्र स्थापना गर्ने ।

५. गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आव्हान बमोजिम सामुदायिक होम स्टेहरुको पूर्वाधार विकासको लागि अनुदान माग गर्नको लागि प्रस्तावसँगै अनुदान रकमको दस प्रतिशत रकम सम्बन्धित स्थानीय तहबाट लागत सहभागिताको प्रतिवद्धता जनाउनुपर्ने भन्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाका सिसवार वोटे माझी सामुदायिक होम स्टे र पिप्रहर सामुदायिक होम स्टे को पूर्वाधार निर्माणको लागि,प्रस्ताव स्वीकृत भएपश्चात परियोजनामा उल्लेखित रकमको दस प्रतिशत लागत सहभागिता बापत व्यहोर्ने

२०७६/१०/२३
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

६. नवनिर्मित वडा कार्यालयहरूमा आधारभूत प्रविधि, फर्निसिङ फिनिसिङ, विद्युतिकरण र कम्पाउण्डिङ लगायत आवश्यक पूर्वाधार निर्माण गर्ने र यसका लागि लागत अनुमानको आधारमा नगरपालिकाको आन्तरिक आय बाट खर्च लेख्ने ।

७. प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशको " जमिनको सतहमा हेलीप्याड निर्माण तथा संचालन सम्बन्धी कार्यविधि २०७५" बमोजिमको हेलिप्याड निर्माणका लागि स्थान यकिन गरी पठाउन लेखि आएकोमा देवचुली-१५ स्थित जनज्योति मा.वि. प्रगतिनगरको मैदानमा हेलिप्याड निर्माण स्थल छनौट गर्ने ।

८. यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको पुस मसान्तमा करार अवधि समाप्त भएकोले यस कार्यालयमा दरवन्दी बमोजिमको जनशक्ति पदपूर्ति पुरा भै नसकेको तथा नयाँ जनशक्ति तालिम तथा अभ्यासद्वारा दक्ष भैनसकेको हुँदा साविकमा करार सेवामा कार्यरत जनशक्तिहरुलाई नै माघ २, २०७६ देखि लागू हुनेगरी २०७७ असार मसान्तसम्मको लागि पुन: सेवा करारमा लिई काममा लगाउने ।

९. यस आ.व. को लागि नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थाबाट करिब रू ५० लाख बराबरको औषधि माग भएकोमा ई-टेन्डर मार्फत औषधि खरिद गर्न स्वीकृति दिने ।

१०. जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को मिति २०७६/१०/०२ पत्रानुसार यस नगरपालिका अन्तर्गत विभिन्न वडामा बसोबास गर्ने नगर प्रोफाईलमा उल्लेख भएकाखरको छाना भएका घरको विवरण सुरक्षित नागरिक आवास निर्माणको लागि सघन सहरी तथा भवन निर्माण आयोजना चितवनमा पठाउने

११. नेपाल सरकारबाट सुरक्षित आवासका लागि प्राप्त विशेष अनुदानको रकम रु ५० लाखबाट वडा नं. १७ स्थित अति विपन्न परिवारलाई प्रति घर रु ३ लाखका दरले सुरक्षित आवास निर्माण गर्ने ।

१२. देवचुली नगरपालिका क्षेत्रभित्र भुस्याहा कुकुर नियन्त्रण को लागि आवश्यक समान खरिद गरी कार्यक्रम सञ्चालन गर्न पशु सेवा शाखालाई आवश्यक निर्देशन दिने ।

१३. देवचुली वडा नं. १ र २ मा आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार हमाल चोक देखि रिपु बहादुर अधिकारीको घरसम्मको बाटो नारायणी मार्ग कालोपत्रेको काम उपभोक्ता समितिले उक्त आ.व. मा स्वीकृत

२०७६/१०/२३
प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

लागत अनुमान तथा सम्झौता रकम रु १९ लाख ७० हजार भन्दा बढी रु १२ लाख १० हजारको काम गरेको भनि भुक्तानीको लागि आम उपभोक्ताको रोहबरमा सार्वजनिक सुनुवाई गरी काम गरेको प्रमाण फोटो सहित रकम माग गरेको हुँदा र चालु आ.व. २०७६/०७७ मा उक्त कार्यक्रममा नगरसभाबाट बजेट समेत विनियोजन भएकोले सम्पन्न कार्यको लागत अनुमानका आधारमा नारायणी मार्ग निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिने

१४. देवचुली-३, स्थित दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रलाई पन्ध्र शैयाको अस्पताल निर्माण गर्नको लागि सम्बन्धित निकायमा माग गर्ने।

१५. देवचुली-१७, स्थित रजहर स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य चौकीमा स्तरउन्नति गर्न सम्बन्धित निकायमा माग गर्ने।

१६. विभिन्न वडामा गै निजी घर निर्माणको अनुगमन गरी तोकिएको कार्यादेश बमोजिम प्रतिवेदन पेश गर्ने कार्यका लागि वाह्य सहजकर्ता परिचालन गर्ने।

१७. देहायका कानून सम्बन्धी विधेयक मस्यौदाहरु नगरसभामा पेश गर्ने –

क. नगर शिक्षा विधेयक, २०७६

ख. फोहरमैला व्यवस्थापन विधेयक, २०७६

ग. विपद् व्यवस्थापन विधेयक, २०७६

घ. सार्वजनिक, निजी साझेदारी विधेयक, २०७६

ङ. आर्थिक सहायता वितरण कार्यविधि, २०७६

च. स्वास्थ्य संस्था सञ्चालन निर्देशिका, २०७६

छ. कृषक समूह गठन तथा परिचालन कार्यविधि, २०७६

ज. कृषि तथा पशुजन्य उत्पादनमा अनुदान कार्यविधि, २०७६

झ. बजार अनुगमन तथा संरक्षण कार्यविधि, २०७६

ञ. अन्य केही कानूनहरु संशोधन गर्ने।

२०७६/१०/२३
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

२०७६/१०/२३
पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner